सम्पादकीय

पर्यटन नैं समृद्धिको आधार

पर्यटन क्षेत्रलाई समृद्धिको आधारका रुपमा मानिएपनि सोही अनुरुपका कार्यक्रम बनाउन सकिएको छैन। कोरोना महामारी नियन्त्रणसँगै पर्यटनकको संख्या बढ्न त थालेको छ तर, दीर्घकालीन कार्यक्रम भने हुन सकेका छैनन् । दुई वर्ष नेपालको पर्यटन क्षेत्र कोरोनाले ठप्प प्रायः भयो । अब पर्यटन क्षेत्रको समग्र विकासका लागि स्थानीय तहदेखि नै विशेष कार्यक्रम बनाउन जरुरी छ। लुम्बिनी संसारभरका बौद्धमार्गीहरुको आश्थाको केन्द्र हो । विश्वभरका शान्ति चाहनेहरुको विशेष स्थल हो। संसारको कुनै पनि देशका बौद्धमार्गीहरुले एकपटक बुद्ध जन्मस्थलमा पाइला टेक्न पाए आफूलाई धन्य हुन्थ्यो भन्ने कामना राख्छन्। उनीहरुलाई यहाँसम्म ल्याउनका लागि सरकारले विशेष कार्यक्रम बनाउन जरुरी छ। बौद्धमार्गीहरुको एउटा सानो अंश मात्रै पनि बुद्ध जन्मस्थल लुम्बिनीमा भित्र्याउन सकेमा यहाँको पर्यटन उद्योगको कायापलट हुने निश्चित छ।

पर्यटनकै माध्यमबाट मुलुकको अर्थतन्त्रमाथि उठाउन सकिने प्रचूर सम्भावनाहरु छन् । तर, ती सबै सम्भावनाहरुको यथोचित विकास हुन सकिरहेको छैन। ती सम्भावनाहरुको विकास गर्दै पर्यटनमार्फत हासिल गर्न खोजिएको समृद्धिका लागि आजैदेखि पहल थाल्न जरुरी छ। नेपालका सबै तहका सरकारको अहिले मुख्य चासोकै रुपमा विकास र समृद्धिका कुरामा प्रतिबद्धता जनाएका छन् तर, त्यसलाई व्यवहारिक बनाउन सकिएको छैन। लुम्बिनीलाई केन्द्रमा राखेर पर्यटन विकासका कामहरुलाई अगाडि बढाउनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्छ।

संविधानले परिकल्पना गरेको समृद्ध मुलुक निर्माणको दिशामा केन्द्रित हुनुपर्ने बेला आएको छ। यो कामका लागि स्थानीय, प्रादेशिक र संघीय सरकारका बीचमा आपसी सहकार्य हुँदै विकासका एजेण्डालाई साझा एजेण्डाका रुपमा लिनुपर्छ । केन्द्र सरकारले देश बनाउने, प्रदेश सरकारले प्रदेशलाई समृद्ध बनाउने र स्थानीय सरकारले आ-आफ्नो तहलाई कसरी विकास गर्ने भन्नेमा केन्द्रित हुँदै त्यसलाई साकार पार्नीतिर लाग्नुपर्छ। विश्वका कैयौं देशहरुले आफ्ना यस्तै स्थलहरुको प्रचार प्रसार गरेर र त्यसमा पर्यटक आकर्षित गरेर दाम, नाम र सम्मान कमाएका छन्। हामी कहाँ त अन्त कही कतै नभएको लुम्बिनी छ, तिलौराकोट छ, रामग्राम छ, जितगढी छ अनि आदिमानव रामापिथेकशको अवशेष भेटिएको स्थान छ। सबथोक भएर पनि यसलाई विकाउन नसकिइकरहेको अवस्था छ। अब यसरी पर्यटनको विकास हुन सक्दैन । अहिले विकास र समृद्धिको लागि धेरै सरकारहरुले पर्यटनलाई महत्व दिने, धेरैभन्दा धेरै पर्यटकीय स्थानको विकास र प्रवर्द्धन गर्ने र पर्यटकलाई आकर्षित गर्ने जस्ता विषय उठाएका छन्।

साहित्यकार शाक्य र काफ्लेलाई साहित्य पुरस्कार

बुटवल, बैशाख ५ । लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले मंगलबार दुई वटा पुरस्कार वितरण गरेको छ। १२ औं लुम्बिनी साहित्य पुरस्कार-२०८० साहित्यकार देवेन्द्रराज शाक्य र जानकी देवी ट्रस्टबाट प्रदान गरिने १० औं जानकी देवी अध्यात्मिक साहित्य पुरस्कार-२०८०, साहित्यकार तथा भक्तिसङ्गीत साधक ध्रुवराज काफ्लेलाई प्रदान गरिएको हो । साहित्यकार शाक्य र काफ्लेलाई नगद पुरस्कार १५ हजार ५ रुपैयाँ र प्रमाण-पत्र प्रदान गरिएको थियो।

संस्थाका अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठको अध्यक्षता र अन्टार्टिका भुवनसिंह विश्वकर्माको प्रमुख अतिथ्यता तथा उद्योग वाणिज्य संघका अध्यक्ष उज्जवल प्रसाद कसजूको विशिष्ट आतिथ्यमा कार्यक्रम भएको थियो। साहित्य उपसमिति संयोजक डा.हिरण्य लाल ज्ञवालीले पुरस्कृत व्यक्तित्वको परिचय दिएका थिए। कार्यक्रममा वरिष्ठ साहित्यकार दुर्गा पौडेल, विजय सागर, डा. बाबुराम ज्ञवाली, वनमाली निराकर, जंग बहादुर शाह लयायतले बोल्दै वधाई ज्ञापन गरे।

सोहीअवसरमा संस्थाका संस्थापक सदस्य तथा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष उज्जवल प्रसाद कसजूलाई हालै नेपाल उद्योग वाणिज्य संघको केन्द्रीय सदस्य निर्वाचित भएकोमा बधाई ज्ञापनसहित सम्मान गरिएको थियो । सञ्चालक सदस्य तथा महिला उपसमिति संयोजक सुजिता शेरचनको स्वागत तथा संस्थाका व्यवस्थापक विनोद प्रताप ज.व.राको सञ्चालनमा कार्यक्रम भएको थियो।

बुटवलमा 'खल्ती हब' सञ्चालनमा

बुटवल, वैशाख ५ (मेसस)। खल्ती डिजिटल वालेटले बुटवलमा आफ्नो हबको औपचारिक उद्घाटन गरेको छ । ललितपुरको बखुन्डोलमा रहेको कर्पोरेट कार्यालय र काठमाडौंको कलङ्कीमा रहेको खल्ती हबबाहेक, खल्तीले पोखराको राष्ट्र बैंक रोडमा हब सञ्चालन पछि बुटवलको सुवर्ण पथमा पहिलोपटक हब खोलेको हो।

खल्तीले आफ्नो एप्लिकेसन, वेब च्यानल र हबको साथमा खल्तीले लुम्बिनी प्रदेशमा ८ हजार खल्ती पसल र नेपालभर ७० हजारभन्दा बढी खल्ती पसलमार्फत विभिन्न भुक्तानी सेवाहरू उपलब्ध गर्दै आएको छ।

खल्ती प्रयोग गर्न जनतालाई सहयोग उपलब्ध गराउन खल्ती हब विस्तार गरिएको खल्तीका प्रमुख कार्यकारी अधिकृत विनय खड्काले बताए। खल्ती हबले सबै उपभोक्ता, एजेन्ट, व्यपारीहरूलाई खल्तीका कुनै पनि सेवाहरू जस्तैःसाइन अप र केवाईसी अपडेट, उपयोगिता बिल भुक्तानी, बैंक ट्रान्सफर, फ्लाइट, चलचित्र र इभेन्ट टिकट बुकिङ, र अन्य धेरै सेवाहरू प्रदान गर्ने उनको भनाइ छ। 'क्षेत्रीयस्तरमा खल्ती हब स्थापना गर्नुको पछाडिको हाम्रो उद्देश्य भनेको हाम्रा प्रयोगकर्ता, एजेन्ट र व्यापारी साझेदारहरूलाई अझ राम्रो सेवा प्रदान गर्नु हो। खल्ती हबले सहज भुक्तानी र अन्य डिजिटल सेवाहरू कार्यान्वयन गर्न स्थानीय जनताको हितमा सेवा गर्नेछ।' उनले भने।

प्रजनन स्वास्थ्य सेवाको प्रभावकारिताबारे अन्तर्क्रिया

बुटवल, ५ बैशाख । प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ र विपन्न जनताका लागि पनि प्रभावकारी हुनुपर्नेमा एक कार्यक्रममा जोड दिइएको छ । महिला, कानून र विकास मञ्च (एफडब्लूएलडी) र आइपास नेपालद्वारा सोमबार बुटवलमा आयोजित प्रजनन स्वास्थ्य अधिकार विशेष गरी सुरक्षित गर्भपतन सेवा सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा प्रजनन स्वास्थ्य सेवाको प्रभावकारितामा जोड दिइएको हो।

जनस्वास्थ्य सेवा ऐन २०७५ ले प्रजनन स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रुपमा परिभाषित गर्दै निःशुल्क सेवा प्राप्त गर्ने अधिकारको रुपमा स्थापित गरिदिएको कार्यक्रममा जानकारी दिइएको थियो । प्रदेशसभा सदस्य, कानून क्षेत्रका जानकार, चिकित्सक, अधिकारकर्मी, सञ्चारकर्मीहरुबीच आयोजित छलफलमा प्रजनन स्वास्थ्य अधिकारका विषयमा जानकारी गराइएको थियो।

कार्यक्रममा एफडब्लूएलडीका नवीन कुमार श्रेष्ठले लुम्बिनी प्रदेशले प्रजनन स्वास्थ्य नीति बनाएको बताउँदै ऐनमार्फत प्रदेशमा प्रजनन स्वास्थ्य सेवा विपन्न जनताको पहुँचमा पुऱ्याउनुपर्नेमा जोड दिए । प्रजनन स्वास्थ्यमा आत्मनिर्णयको अधिकार रहेको बताउँदै अधिवक्ता श्रेष्ठले मानवीय मर्यादासहित गोपनीयताको अधिकार, आफ्नो सन्तानको संख्या र जन्मान्तर निर्धारण गर्ने अधिकार स्वास्थ्य सेवा ऐनले समेटेको बताए।

कार्यक्रममा आइपास नेपालकी माधवी बज्राचार्यले नेपालमा प्रतिवर्ष ३ लाख २३ हजार महिलाले गर्भपतन गराउने गरेको बताउँदै त्यसमा ५८ प्रतिशत असुरक्षित गर्भपतन गराउने गरेको तथ्याङबाट देखिएको बताइन्। बज्राचार्यले कानुनी रूपमा गर्भपतनलाई मान्यता दिइए पनि असुरक्षित गर्भपतन गराउनेको संख्या धेरै देखिएकोले महिलाको सुरक्षित गर्भपतनमा पहुँच वृद्धि गर्न सबैको सहयोग र सहकार्य आवश्यक रहेको बताइन्।

एफडब्लूएलडीका रुपन्देही संयोजक नगेन्द्र बस्यालले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐनले धेरै कुरा स्पष्ट पारेको बताए। उनले प्रजनन स्वास्थ्यअधिकार नेपालको संविधानद्वारा स्थापित मौलिक भएको बताउँदै सर्वोच्च अदालतको फैसलाद्वारा विकसित मान्यता र विधिशास्त्रको भाग भएको बताए।

न्यौपाने वंश समाजले गरेको महायज्ञको आयव्यय सार्वजनिक

बुटवल, वैशाख ५ (मेसस)। न्यौपाने वंश समाज नेपालले सञ्चालन गरेको पितृ पुराण श्रीमद् भागवत विराट ज्ञान महायज्ञको आम्दामी खर्च सार्वजनिक गरिएको छ। गएको फागुन १ देखि ७ गतेसम्म रूपन्देहीको तिलोत्तमा-५ नयाँमिलमा सञ्चालित महायज्ञ गर्दा भएको आयव्यय चैत अन्तिम साता सार्वजनिक गरिएको हो।

महायज्ञमा आम्दामी ५१ लाख र खर्च १२ लाख ७५ हजार रूपैयाँ खर्च भएको न्यौपाने वंश समाज नेपालका महासचिव गेहेन्द्रराज न्यौपानेले जानकारी दिए । पितृमोक्षको लागि देशभरका न्यौपानेहरूको सहभागितामा महायज्ञ गरिएको थियो । समाजका अध्यक्ष बलराम न्यौपाने, पूर्वअध्यक्ष तथा आर्थिक संयोजक केशव न्यौपाने, सचिवालय संयोजक तथा निर्वतमान अध्यक्ष मेघराज न्यौपाने, समाजका संस्थापक खगुपति न्यौपानेको सहभागितामा आयव्यय सार्वजनिक गरिएको गेहेन्द्रराजले जानकारी दिए। समाजको केन्द्रीय कार्यालय रूपन्देहीमा छ। महायज्ञमा दुर्गा प्रसाद न्यौपानेले १ कठठा जग्गा दानसमेत गरेका थिए।

पत्रकारहरुले संवेदनशील भएर कलम चलाउनुपर्छः अध्यक्ष श्रेष्ठ

भैरहवा, बैशाख ५। समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय अध्यक्ष शम्भु श्रेष्ठले मुलुकका हरेक परिवर्तनमा संचारमाध्यम र संचारकर्मीको महत्वपूर्ण योगदान रहेको बताएका छन् । उनले आउँदा दिनमा पनि मुलुकको विकास, समृद्धि, संविधानको रक्षा र जनजीविकाका विषयमा पत्रकारहरुले संवेदनशील भएर कलम चलाउनु पर्नेमा जोड दिए।

समाजवादी प्रेस संगठन नेपाल, लुम्बिनी प्रदेश कमिटीले मंगलबार भैरहवामा आयोजना गरेको नयाँ वर्ष २०८० को शुभकामना आदानप्रदान तथा क्यालेण्डर विमोचन कार्यक्रममा बोल्दै नेकपा एकीकृत समाजवादी पार्टीका केन्द्रीय प्रचार विभाग उपप्रमुखसमेत रहेका श्रेष्ठले समाजलाई कता डोर्याउने भन्ने कुरा संचारकर्मीको कलममा निर्भर हुने हुँदा संयमित भएर समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिए। एकीकृत समाजवादी पार्टीकी केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेशसभा सदस्य भगवती घिमिरेले संचारकर्मीले सबैलाई समान रुपले हेर्न सक्नुपर्ने बताइन्।

समाजवादी प्रेस संगठन लुम्बिनी प्रदेशका अध्यक्ष हृदयराम भुसालको अध्यक्ष, संगठनमा प्रदेश उपाध्यक्ष शंकरप्रसाद पाण्डेको स्वागत र कोषाध्यक्ष प्रकाश न्यौपानेको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

मेयरकप विजेता खेलाडीहरुलाई सम्मान

भैरहवा, वैशाख ४ (मेसस) । सिद्धार्थनगर नगरपालिका, रुपन्देहीको आयोजनामा चैत २२ देखि २५ गतेसम्म भैरहवामा भएको नगरस्तरीय मेयर कप क्रिकेट प्रतियोगिताको विजेता सिद्धार्थनगर नगरपालिका वडा नम्बर ६ का खेलाडीहरुलाई सम्मान गरिएको छ । सिद्धार्थनगर नगरपालिका वडा नम्बर ६ वडा कार्यालयले आइतबार खेलाडीहरुलाई बधाई दिँदै सम्मान गरेको हो । वडा कार्यालयले प्रतिखेलाडी नगद रु. ३ हजार, मेडल तथा प्रमाणपत्रसहित सम्मान गरेको हो। फाइनल खेलमा वडा नम्बर ३ माथि ८ विकेटको जीत निकाल्दै सिद्धार्थनगर-६ ले मेयर कप क्रिकेट प्रतियोगिताको उपाधि चुम्न सफल भएको थियो । जीतसँगै वडा नम्बर ६ ले नगद ५१ हजार रुपैयाँसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँनले वडाअध्यक्ष विरेन्द्रनाथ श्रीवास्तवको अगुवाइमा वडा नम्बर ६ ले प्रतियोगिताको उपाधि जित्न सफल भएको बताए। रुन्देही क्रिकेट संघका अध्यक्ष हरि बहादुर थापाले सम्मानले खेलाडीमा उर्जा थपिएको बताए। सिद्धार्थनगर नगरपालिका वडा नम्बर ६ का वडाअध्यक्ष विरेन्द्रनाथ श्रीवास्तवले क्रिकेटको विकासका लागि वडास्तरबाट पनि बजेट विनियोजन गरिएको बताए । भैरहवा नमुना माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आनन्दप्रसाद गुप्ताले खेलाडीलाई प्रतियोगितामा सहभागी गरेर मात्र जिम्मेवारी पूरा हुन नसक्ने बताए। समाजसेवी कमला थापाले मेयर कप क्रिकेट प्रतियोगिताको पुरस्कारको राशि बढाउनुपर्ने बताइन्। नेपाली कांग्रेस सिद्धार्थनगर-६ का सभापति रामबहादुर गुरुङले खेलाडी राष्ट्रको गहना भएको बताए। नेकपा (एमाले) सिद्धार्थनगर-६ का अध्यक्ष रामदयाल गुप्ताले क्रिकेटसँगै अन्य खेल प्रतियोगिताहरु पनि सञ्चालन गर्नुपर्नेमा जोड दिए। जनता समाजवादी पार्टी, नेपाल (जसपा) का नेता सियाराम यादवले सियाराम यादवले वडा नम्बर ६ का खेलाडी टीमले पाएको सफलताले आफूले खुसीले गदगद भएको बताए। सिद्धार्थनगर-६ का वडाअध्यक्ष विरेन्द्रनाथ श्रीवास्तवको अध्यक्षता, नगरप्रमुख इस्तियाक अहमद खाँनको प्रमुख आतिथ्यता, रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाको विशिष्ट आतिथ्यता, वडा सदस्य अनिल अनिलकुमार केसीको स्वागत तथा विशाल श्रीवास्तवको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रमको उद्देश्यमाथि खेलाडी सन्तकुमार कुर्मीले प्रकाश पारेका थिए। कार्यक्रममा स्व.मुक्ति जोशीको स्मृतिमा बेष्ट ब्याट्सम्यान अर्जुन कुर्मी, बेष्ट बलर अमर मिश्रा र टीम क्याप्टेन सलिम अलीलाई नगदसहित सम्मान गरिएको थियो।

बुद्धभुमिमा तदर्थ समिति गठन

कपिलवस्तु, बैशाख ५ । कपिलवस्तुको बुद्धभुमि नगरपालिका वडा नम्बर २ गोरूसिङ्गेमा सोमबार नेपाली उपभोक्ता संरक्षण महासंघ जिल्ला शाखा तर्दथ समिति गठन भएको छ। प्रदेश समितिको आयोजनामा उद्योग बाणिज्य संघको सभा हलमा भएको कार्यक्रमले रबिन न्यौपानेको अध्यक्षतामा ७ सदस्यीय जिल्ला शाखा तदर्थ समिति गठन गरेको हो। जसको उपाध्यक्षमा दिपककुमार क्षेत्री, सचिवमा माधव पौडेल, कोषाध्यक्षमा लिला परियार रहेका छन् । त्यस्तै सदस्यहरूमा सरिता न्यौपाने, चमेली थारू र उमेश धोबी रहेका छन्।

प्रदेश संयोजक बिश्वराज रेग्मीको संयोजकोत्वमा गठित पदाधिकारीहरूलाई प्रदेश सदस्य रामदेव पासी, नारायणी पाण्डे लगायतले सम्बोधन गर्दै नेपाली बजारमा बिक्री वितरण हुँदै आएका अखाद्य बस्तु, कालोबजारी जस्ता क्रियाकलापको निरिक्षण गर्न आग्रह गरे।

साथै उपभोक्तालाई म्याद गुज्रिएका खाद्य बस्तुको खरिदबिक्री यथाशिघ्र रोक्न, बिक्रीवितरणमा कालोबजारी गरेको पाइएमा यथाशिघ्र कानुनी कार्वाहीको दायरामा लैजाने र सचेत गराउनु पर्नेमा जोड दिए । प्रदेश महासंघका सचिव शोभाकान्त भुसालको सञ्चालनमा कार्यक्रम भएको थियो।

इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।

LBF मार्का LBF

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।

ट्वाइलेट सफा गराउनुहोस्

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल-१०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको हकवालाका नाउको ३५ दिने सूचना

उपरोक्त विषयमा निम्न लिखित जग्गावाला जिल्ला क.व. शुद्धोधन गा.पा. -०६ बस्ने ज.ध. श्री अजिज शेषका नाउमा दर्ता रहेको वासाखोर वडा नं. ३ख कि.नं. ७२ ज.वि ०-०-१३ पुरा, कि.नं. ७९ ज.वि. ०-०-११ पुरा, कि.नं. ३३९ ज.वि ०-७-१७ मध्ये उत्तर ज.वि. ३-१८-२, वडा नं. ३ग कि.नं. १६८ ज.वि. ०-१-१ पुरा, कि.नं. २४५ ज.वि. ०-१-१० पुरा, कि.नं. २४८ ज.वि. ०-१-१६ पुरा, वडा नं. ४क कि.नं. ८८ ज.वि. ०-१-६ मध्ये दक्षिण ०-०-१३ र ज. ध. श्री बसीर शेषका नाउमा दर्ता रहेको बासखोर वडा नं. ३क कि.नं. ३०९ ज.वि. ०-१-५ मध्ये पश्चिम ०-०-१२-२ कि.नं. ४५३ ज.वि. ०-१५-० मध्ये उत्तर ०-७-१०, वडा नं. ३ख कि.नं. २२१ ज.वि. ०-७-१७ पुरा, वडा नं. ३क कि.नं. ९१ ज.वि. ०-१-३ पुरा, कि.नं. २९४ ज.वि. ०-०-८ पुरा जग्गा श्री उच्च अदालत तुलसीपुर बुटवल इजलास रुपन्देहीको मिति २०७९।२।११ को फैसला, श्री क.व.जि.अ. को मिति २०७९।११।०६ को बण्डा मुचुल्का ऐ.ऐ. च.नं. ८२१० मिति २०७९।१२।२ को दा.खा. पुर्जी समेत प्रमाणका आधारमा र उक्त कि.नं. ज.वि. जग्गा हालसम्म मेरो भोगचलनमा रहेकोले ज.ध. अजिज शेष बसीर शेषरको जग्गा निजका नाउमा श्रेस्ता कायम गरी मेरो नाउमा दा.खा. गरी पाउ भनि २०७९।१२।०७ गतेमा अबु हरेरा शेषले निवेदन माग गर्नु भएकोमा ज.ध. अजिज शेष बसीर शेषरका नाउमा ३५ दिने सूचना प्रकाशित गरिएको छ। निज अपुताली खाने कोही नजिकका हकदार भए यो सूचना टास मितिले पैतिस दिनभित्र अपुताली खान पाउने प्रमाण समेत लिई यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टास भएको म्यादभित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा निवेदकका नाउमा नामसारी हुने निर्णय भई जानेछ। पछि कसैको कुनै किसिमको उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल

गा.वि.स.	वार्ड नं.	कित्ता नं.	क्षेत्रफल	दर्तावालाको नाम, थर
बासँखोर	३ख	७२	०-०-१३	ज.ध.: अजिज शेष
	३ख	७९	०-०-११	बाबु : दोष महम्मद
	३ख	३३९	०-७-१७ मध्ये उत्तर ०-३-१८-२)	बाजे : ठेगाना: जिल्ला कपिलवस्तु शुद्धोधन गा.पा. ६
	३ग	१६८	०-१-१	
	३ग	२४५	०-१-१०	
	३ग	२४८	०-१-१६	
	४क	८८	०-१-६ (मध्ये दक्षिण ०-०-१३)	
	३क	३०९	०-१-५ (मध्ये ०-०-१२-२)	ज.ध. : बसीर शेष बाबु :
	३क	४५३	०-१५-० (मध्ये ०-७-१०)	बाजे : ठेगाना: जिल्ला कपिलवस्तु
	३ख	२२१	०-७-१७	शुद्धोधन गा.पा.६
	३क	९१	०-१-३	
	३क	२९४	०-०-८	(श्रेस्ता कायम दा.खा)

वाणगंगा नगरपालिका वडा नं. ५ को अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विबाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं।

नयाँ वर्ष २०८० सालको पावन अवसरमा समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कमल पौडेल (वडा अध्यक्ष) एवं
वाणगंगा नगरपालिका वडा नं. ५ को कार्यालय परिवार, जिनुवा, कपिलवस्तु

ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।

पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२५६३२२५, ९८२४४७७७७०

ट्वाइलेट सफा गराउनुहोस्

- तपाईको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानिज मेसिनद्धारा सेफ्टी ट्यांकीको रिङ्ग भरिएमा १० मिनेटमा सफा गरिन्छ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्धारा १० मिनेटमै सेफ्टी ट्यांकीको रिङ्ग खाली गरिन्छ।

भैरहवा सेनेटरी
बर्मेलीटोल, भैरहवा, रुपन्देही
९८५७०१५७६३, ९८१७५११८३३

न्यू शिव सेनेटरी
पडसरी, ठुटीपिपल, रुपन्देही
९८५७०१५२६३, ९८११९२३९१९

स्वयंसेवी रक्तदाताको अधिवेशन बुटवलमा हुने

बुटवल, वैशाख ५ । नेपाल स्वयंसेवी रक्तदाता समाजको चौथो अधिवेशन बुटवलमा हुने भएको छ । बैशाख १६ र १७ गते दुई दिन केन्द्रिय अधिवेसन हुने भएको हो ।

मंगलबार बुटवलमा पत्रकार सम्मेलन गरि केन्द्रीय अध्यक्ष प्रेम सागर कर्माचार्यले आफनो अनुवाईमा रक्तदान अभियानका स्वयंसेवीहरु जोडेर संस्था स्थापना गरेको बताए । संस्थागत रुपमा उठाएका मुद्दाहरु सरकारबाट सम्बोधन गराउन सहज र सफल हुने उनको दाबी छ ।

रगतको समस्याको विषयमा धेरै कठिनाई पार गर्दै अहिलेको अवस्थामा पुगेको उनले बताए । कार्यक्रममा रुपन्देही शाखाको अध्यक्ष तथा अधिवेशनसंयोजक कृष्ण चौहान क्षेत्रीले नमुना जिल्लाको पहिचान बनाएको रुपन्देहीमा केन्द्रीय अधिवेशनको तयारी भईरहेको बताए । प्रत्येक शनिबार नियमित रक्तदानअभियानमार्फत १ सय २१ पटक आयोजना गरि २५ हजार युनिट रगत संकलन गर्न सफल भएको उनले बताए ।

रक्तदाताबाट निशुल्क रगतको बिरामीले मुल्य तिर्नुपर्नु अवस्थाको अन्त्यका लागि अभियान चलाएर धेरै स्थानिय, प्रदेशमा सफल भएको उनले दाबी गरे ।समाजका केन्द्रिय उपाध्यक्ष ध्रुव थपलियाले आफनो परिवारको साथ सहयोयमा अहिलेसम्म १ सय १० पटक रक्तदान गरेका बताए ।

सामाजिक कार्यमा अग्रसर हुन परिवारको साथसहयोग महत्वपूर्ण हुने भन्दै उनले ब्यक्तिको सोच सकारात्मक बन्न सकेमात्र आम नागरिकको पिडा कम हुने बताए ।

संघिय सरकारबाट रगतको निशुल्क गराउन दबाब दिने गरि अभियान थाल्नुपर्ने भन्दै २५ करोड वर्षमा बजेट बिनियोजन गरे देशमै रगत निशुल्क हुने तर्क दिए । समाजको ३४ जिल्ला शाखा, नगरपालिका, गाउपालिका, वडा ईकाई गरि ७७ वटा गठन भएर सेवामा जुटेका छ ।

वाणगंगा नगरपालिका वडा नं. ८ को अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।

नयाँ वर्ष २०८० सालको पावन अवसरमा समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बाबुराम अर्याल
वडा अध्यक्ष (एवं)
वाणगंगा नगरपालिका वडा नं. ८ को कार्यालय परिवार
बोडगाउ, कपिलवस्तु

शुद्धोधन गाउपालिका वडा नं. २ को अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।

नयाँ वर्ष २०८० सालको पावन अवसरमा समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मनोजकुमार यादव
वडा अध्यक्ष

इश्वरीप्रसाद न्यौपाने
वडा सचिव

शुद्धोधन गाउपालिका वडा नं. २ को कार्यालय परिवार
नन्दनगर, कपिलवस्तु

शुद्धोधन गाउपालिका वडा नं. ३ को अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।

नयाँ वर्ष २०८० सालको पावन अवसरमा समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मैवुद्धिन मुसलमान
वडा अध्यक्ष

राधिका खनाल
वडा सचिव

शुद्धोधन गाउपालिका वडा नं. ३ को कार्यालय परिवार
गुलेरी, कपिलवस्तु

ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

बुटवल सेनेटरी प्रा.लि.
फोन: ९७४५४०५९७३, ९८०७४०९८५२

गगन सेनेटरी, फोन: ९८६७०२१६१४, ९८१५४४७६४८

गगन सेनेटरी (२), फोन:९८०४४१३२८७, ९८१२९८६३१७

मनिषा सेनेटरी, फोन: ९८५११९७९६६

सर्वेस सेनेटरी,फोन: ९८४७०३९१४३, ९८५७०३४३८३

सिद्धबाबा सेनेटरी, फोन: ९८६४५७७२६२, ९८११९९६९३२

रियुस सेनेटरी, फोन: ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स फोन: ९८५७०५७०७०

शिक्षक आवश्यकता

बुटवल-०८ सुख्खानगरमा अवस्थित यस श्री जनता माध्यमिक विद्यालयको वि.व्य.स.को मिति २०८०/०१/०४ गतेको निर्णय तथा बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०८०/०१/०४ च.नं. ४६४९ प्राप्त अनुमतिपत्र अनुसार मा.वि. शिक्षण सिकाई अनुदान कोटा १ (एक) मा करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले यसमा उल्लेखित आवश्यक कागजात सहित ईच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न आव्हान गरिएको छ ।

बिज्ञापन नं.: ०१/०७९/८०

- **पद**: शिक्षक
- **तह**: मा.वि. अनुदान
- **सेवाको किसिम**: करार
- **पद संख्या**: १ (एक)
- **न्युनतम शैक्षिक योग्यता**: विज्ञान मुल विषय लिई स्नातक वा सो सरह उर्तीण गरेको ।
- **आवेदन दिने मिति**: २०८०/०१/०६ गतेदेखि २०८०/०१/१९ गते (दिन) कार्यालय समयभित्र ।
- **सम्पर्क मिति**: २०८०/०१/१९ गते कार्यालय समयभित्र ।
- **तलब भत्ता**: ३७,९९०।००
- **उमेर** : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- **परीक्षाको किसिम**: लिखित, मौखिक, अन्तर्वार्ता र आवश्यक परेमा कक्षा अवलोकन समेत गर्न सकिने ।
- **आवेदन दस्तुर**: रु.१,५०० ।- (अक्षरुपी: एक हजार पाच सय रुपैया मात्र ।) (दरखास्त दस्तुर प्राइम कमर्सियल बैंकमा रहेको बिद्यालयको खाता नं. १३०००१४८CA मा बापतमा आवेदन दस्तुर उल्लेख गरी रकम जम्मा गरेको भौचर विद्यालयको लेखा शाखामा पेश गरी विज्ञापन दस्तुरको रसिद काट्नु पर्नेछ ।)
- **आवश्यक कागजपत्र**: टाइप गरेको निवेदन-१ प्रति, नेपाली नागरिकताको प्रतिलिपी-१ प्रति, सम्बन्धित बिषयको लागि आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी-१ प्रति, अध्यापन अनुमतिपत्र अनिवार्य, विज्ञापन दस्तुर बुझाएको रसिद ।
- **परीक्षाको मिति र स्थान**: सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक
श्री जनता माध्यमिक विद्यालय
बुटवल-८, सुख्खानगर, रुपन्देही, फोन: ९८४७०२२६५०, ९८६६१४२८४०

शिक्षक आवश्यकता

यस श्री भुल्के मा.वि. तिलोत्तमा न.पा.-११, रुपन्देहीको मिति २०८०।०१।०५ गते बसेको वि.व्य.स. बैठकको निर्णय अनुसार यस श्री भुल्के मा.वि. मा शिक्षण सिकाई मा.वि. तह अंग्रेजी विषय र नि.मा.वि. तह विज्ञान विषय नगर अनुदान शिक्षकको आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

तपसिल:

१) **विज्ञापन नं.** : ०२।०७९।०८०
२) **पद** : मा.वि.अंग्रेजी-१, नि.मा.वि. विज्ञान-१
३) **योग्यता** : मा.वि. तहका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण, नि.मा.वि. तहका लागि प्रमाणपत्र तह उत्तीर्ण ।
५) **दरखास्त दिने मिति** : २०८०।०१।०६ गतेदेखि २०८०।०१।२० गतेसम्म ।
६) **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।
७) **आवेदन दस्तुर** : मा.वि.-रु.१५००।-, नि.मा.वि.-रु. १०००।-
८) **पेश गर्नुपर्ने आवश्यक कागजातहरु**: शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि र स्वयं हस्तलिखित निवेदन ।
९) **तलब स्केल** : नेपाल सरकारको प्रचलित नियमानुसार ।
१०) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

नोट : अनुभवी एवं माथिल्लो योग्यतालाई विशेष ग्राह्यता दिईनेछ ।

प्रधानाध्यापक
श्री भुल्के माध्यमिक विद्यालय
तिलोत्तमा न.पा.-११, भू.पू. सैनिक, रुपन्देही
सम्पर्क नं. : ९८४७१५०८६०, ९८६७११७४४३

बुद्धभूमी नगरपालिका वडा नं. ४ को अनुरोध

- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपायाहरु छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।

नयाँ वर्ष २०८० सालको पावन अवसरमा समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरज प्रताप राणा
वडा अध्यक्ष (एवं)
बुद्धभूमी नगरपालिका वडा नं. ४ को कार्यालय परिवार
गोरुसिंगे, कपिलवस्तु

मालपोत कार्यालय भैरहवाबाट जारी भएको नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला मुस्ताङ साविक टुकुचे २ हाल थासाङ गाउपालिका वडा नं. १ बस्ने छत्र बहादुर तुलाचनको नाती मोहन प्रताप तुलाचनको छोरा निशान तुलाचनले मोहन प्रताप तुलाचनको मिति २०६२/०४/११ मा र निजको एकमात्र पत्नि विष्णु तुलाचनको मिति २०७२/०९/०९ गतेका दिन आ-आफ्नै कालगतिले मृत्यु भएको साथै निज दम्पत्तिबाट एकमात्र हकवाला छोरा निशान तुलाचनको मात्र जायजन्म भई निजमात्र हकवाला भएको साथै बाबुआमाको जीवित रहदासम्म सेवा टहल औषधि उपचार र मृत्युपश्चात सामाजिक परम्परा अनुसार दाहसंस्कार काजक्रिया समेत मैले गरेकोले बाबु मोहन प्रताप तुलाचनको नाउमा दर्ता कायम रहेको कम्हरिया वडा नं. १क कि.नं. ७७१ र ७७२ ज.वि. ०-३-०-० र ०-३-०-० को जग्गा मेरो नाउमा नामसारी गरी पाउ मालपोत कार्यालय भैरहवा रुपन्देहीमा निवेदन दिनुभएकोमा श्रेस्तामा बाबु वाजे ना.प्र.नं. बतन समेत कायम नभएको देखिएकोले यो सुचनाले कसैको हकदैयामा असर पर्ने वा नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण सहित आफै वा बारेस मार्फत हकदावी गर्नका लागि आउनुहोला । म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने सबैमा अनुरोध छ ।

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

मिति: २०८०।१।४

यस कृष्णनगर नगरपालिकाको नौव नगरसभा आ.व. २०७९/०८० मा स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट मिति २०७९।११।३० मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा प्रकाशित Procurement of Gravel सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्रमध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. सं.	ठेक्का नं.	दरभाउदाताको नाम ठेगाना	कबोल अंक (मु.अ.कर सहित)
१	KNM/NCB/GOODS-02/079/80	J.P. Ganga Construction And Suppliers Krishnanagar Municipality-10, kapilvastu	४०,७९,०१७/५०

प्रमुख प्रशासकीय अधिकृत

स्वर्णिम बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेका ऋणीहरूलाई ऋण बुझाउने बारेको सूचना

यस स्वर्णिम बचत तथा ऋण सहकारी संस्था लि. बाट तपाई ऋणीहरुले विभिन्न शिर्षकमा विभिन्न मितिमा ऋण लिनु भएको र सोही ऋण चुक्ताको लागि भाखा नाघेका ऋणि लामो समयदेखि साँवा, व्याज र हर्जना रकम तिर्नु बुझाउनु पर्ने नबुझाएका ऋणी र पटक पटक सम्पर्क गर्दा तपाई ऋणीले कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तार ताकेता गर्दा समेत संस्थामा तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बसेको सदस्यहरुले सूचना प्रकाशन भएको मितिदेखि ३५ दिनभित्रमा आफ्नो (ऋण) कर्जाको साँवा, व्याज र हर्जना संस्थामा आई अनिवार्य बुझाईदिनु हुनु अनुरोध गरिन्छ । अन्यथा तपाईले यस संस्था समक्ष लेखिदिएको तमसुक, मन्जुरीनामा र अन्य कागजपत्रको आधारमा सहकारी ऐन अनुसार संस्थाले कानुनी कारबाही अगाडी बढाउने कुरा जानकारी गराइन्छ ।

ऋणी तथा धनजमानीको नामावली यस प्रकार रहेको छ:

क्र. सं.	ऋणीको नाम	ठेगाना	धनजमानीको नाम	ठेगाना
१	जगदिश कलवार	बुटवल	देविसरा राना	बुटवल
२	तेज बहादुर बोहोरा	गुल्मी, अमरपुर	गिता बोहोरा	गुल्मी, अमरपुर
३	राज खनाल	बुटवल	वसन्त के.सी.	बुटवल
४	टिकुराम चौधरी	बुटवल १४ बेलबरिया	मन्जु चौधरी	बुटवल १४ बेलबरिया
५	गोरखनाथ थारु	बुटवल चादवारी	मिना चौधरी	बुटवल चादवारी
६	मोहन खनाल	अर्घाखाची ढाकावाङ्ग	शंकर कुवँर	गुल्मी नयागाउ
७	सितामाया कार्की	बुटवल बद्धनगर	पूर्वनारायण माझी	बुटवल बद्धनगर
८	धन कुमारी दर्जि	बुटवल आदर्शनगर	खड्क पौडेल	बुटवल नेपालगञ्जरोड
९	घनु खनाल	बुटवल		बुटवल
१०	विन्दु कुमारी वि.क.	बुटवल	मोहन सुनार	बुटवल
११	तुलमाया गुरुङ	स्याङजा	इमानसिंह गुरुङ	स्याङ्जा
१२	विभा सुनार	बुटवल १४ बदेलपोखरी	अनिता सुनार	बुटवल १४ बदेलपोखरी
१३	सुरज क्षेत्री	भैरहवा	अनुप कोइराला	रुपन्देही करहिया
१४	युवराज आचार्य	सालझण्डी	लक्ष्मीदेवी दवाडी	सालझण्डी
१५	धन बहादुर कार्की	बुटवल जितगढी	झपिन्द्र रायमाझि	बुटवल
१६	पवि सारु	बुटवल कालिकानगर	टिका सारु	बुटवल
१७	बेलमाया गौचन	नवरपरासी दाउन्ने	हेमा थापा	बुटवल
१८	फरिदा खातुन	बुटवल नेपालगञ्जरोड		
१९	रेखा थापा	बुटवल ट्राफिक चोक		
२०	दिपा राना	बुटवल	सरोज राना	बुटवल
२१	मोहन पोखेल	बुटवल ट्राफिक चोक	भिष्मराज आचार्य	नया गाउ
२२	विमला शाक्य	बुटवल २	सुनिता कोइराला	बुटवल
२३	सुनिता कोइराला	बुटवल	विमला शाक्य	बुटवल
२४	विमला देवि श्रेष्ठ	बुटवल २	सुनिता कोइराला	बुटवल
२५	मुरलि प्रसाद कसोधन	बुटवल ४ आर्दशनगर	इन्दु लक्ष्मी पछाई	बुटवल ४ आर्दशनगर
२६	लक्ष्मी तिवारी	बुटवल	सुदन तिवारी	बुटवल
२७	शाकिरा बानु	बुटवल अमरपथ	रमा रणपाल	बुटवल
२८	वविता शाक्य	बुटवल २	विनोद प्रसाद शाक्य	बुटवल २
२९	भोजराज भुसाल	बुटवल ७	बाबुराम खरेल	बुटवल ५
३०	खड्क प्रसाद पौडेल	बुटवल ५	पिताम्बर वि.क.	बुटवल ७

मायादेवी गाउपालिका वडा नं. ५ को अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।

नयाँ वर्ष २०८० सालको पावन अवसरमा समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राघवेन्द्र प्रसाद पाण्डेय
वडा अध्यक्ष

श्याम कुमार कामत
वडा सचिव

मायादेवी गाउपालिका वडा नं. ५ को कार्यालय परिवार
बलुहवा, कपिलवस्तु